Mithila Laghubitta Bittya Sanstha Limited

"D" Class Financial Institution with Madhesh Province Licensed by Nepal Rastra Bank

Dhalkewar, Dhanusa

UNAUDITED FINANCIAL RESULTS (Quarterly)

As at Second Quarter of the fiscal year 2081/082 (29/09/2081)

(000' figure)

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital and Liabilities**	**3064761.41**	**3155394.13**	**2769629.29**
1.1	Paid up Capital	196002.76	196002.76	196002.76
1.2	Proposed bonus share			
1.3	Reserve and surplus	194780.35	152869.69	131751.17
1.4	Debenture & Bond			
1.5	Borrowings	1394674.42	1573703.53	1335569.42
1.6	Deposits (a+b)	**1096993.64**	**1061707.81**	**947461.95**
	a. Domestic Currency	1096993.64	1061707.81	947461.95
	b. Foreign Currency			
1.7	Income Tax Liability	16063.11	4332.56	5710.55
1.8	Other Liabilities	166247.14	166777.78	153133.45
2	**Total Assets**	**3064761.41**	**3155394.13**	**2769629.29**
2.1	Cash and Bank Balance	133404.88	286552.68	126734.86
2.2	Money at Call and Short Notice	12711.47	4873.78	12744.33
2.3	Investments	1000.00	1000.00	1000.00
2.4	Net Loan and Advances (a+b+c+d+e+f)	**2801568.68**	**2755203.99**	**2491160.05**
A	Real Estate Loan			
	1. Residential Real Estate Loan (up to 80 Lacks)			
	2. Business Complex & Residential Apartment Construction Loan			
	3. Income Generation Commercial complex Loan			
	4. Other Real Estate Loan (including Land Purchase & Plotting)			
B	Personal Home Loan of Rs.80 Lacks or less			
C	Margin Type Loan			
D	Term Loan			
E	Overdraft Loan/TR Loan/ WC Loan			
F	Others	2801568.68	2755203.99	2491160.05
2.5	Fixed Assets	6558.95	6518.45	8143.51
2.6	Non Banking Assets			
2.7	Other Assets	109517.42	101245.24	129846.54
3	**Profit and Loss Account**			
3.1	Interest Income	195856.48	93122.07	165695.85
3.2	Interest Expenses	102619.58	53784.32	109917.82
	A. Net Interest Income	**93236.90**	**39337.75**	**55778.04**
3.3	Fees, Commission and Discount			
3.4	Other Operating Income	19606.60	6998.76	15002.75
3.5	Foreign Exchange Gain/Loss (Net)			
	B. Total Operating Income	**112843.50**	**46336.50**	**70780.78**
3.6	Staff Expenses	34553.98	19033.09	32592.74
3.7	Other Operating Expenses	15066.16	7016.24	12533.54
	C. Operating Profit Before Provision	**63223.36**	**20287.17**	**25654.50**
3.8	Provision for Possible Losses	10881.89	9423.22	14437.97
	D. Operating Profit	**52341.47**	**10863.96**	**11216.53**
3.9	Non Operating Income/Expenses (Net)			
3.1	Write Back of Provision of Possible Loss	6556.58	5022.10	9722.15
	E. Profit From Regular Activities	**58898.05**	**15886.06**	**20938.68**
3.11	Extraordinary Income/ Expenses (Net)			
	F. Profit before Bonus and Taxes	**58898.05**	**15886.06**	**20938.68**
3.12	Provision of Staff Bonus	5354.37	1444.19	1903.52
3.13	Provision for Tax	16063.11	4332.56	5710.55
	G. Net Profit/Loss	**37480.58**	**10109.31**	**13324.62**
4	Ratios			
4.1	Capital Fund to RWA	12.55%	11.71%	11.45%
4.2	Non Performing Loan (NPL) To Total Loan	4.85%	5.18%	4.47%
4.3	Total Loan Loss Provision to Total NPL	40.05%	38.18%	46.27%
4.4	Cost of Funds	8.33%	8.25%	9.73%
4.5	Credit to Deposit Ratio	255.39%	259.51%	262.93%

Note : If the statutory and supervising authority notify to change the Un-Audited Financial Statements, the final figures may change accordingly.

रामसुकार महतो
उप.ले.प. विभाग प्रमुख

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधीको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु (बार्षिक):

प्रति शेयर आम्दानी (बार्षिक)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु.३८.२४	५९.५५	रु.१९९.३८	१,५६३.६३	५.८६ %

२. व्यवस्थापकीय विश्लेषण :

(क) **त्रैमासिक अवधीमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** विगत केहि महिना देखि बैंक तथा वित्तीय संस्थाहरुमा तरलतामा देखिएका सहजताका कारण अर्थतन्त्रमा पर्न गएको असर र बैंक तथा वित्तीय संस्थाहरुले थोक विपन्न वर्ग कर्जामा लिने ब्याजदरमा कमी हुन गई यस वित्तीय संस्थाको कोषको लागतमा कमी भएको तथा ग्राहक सदस्यसंग लिने ब्याजदर १५ प्रतिशत सम्म सीमित रहेकोमा स्प्रेड मुनाफा मार्जिन वृद्धि हुन गएकोले खुद नाफा गत आ.व.को सोही अवधि भन्दा वृद्धि हुन गई आम्दानीमा वृद्धि भऐको छ। साथै, यस वित्तीय संस्थाको लगानी मौज्दात तथा तरलताको अवस्था सामान्य रहेको छ। गत त्रैमासको तुलनामा यस त्रैमासमा लगानीमा रहिरहेको कर्जा रु.४ करोड ६३ लाखले बृद्धि भई रु.२ अर्ब ८० करोड रहेको छ। दोश्रो त्रैमासमा यस वित्तीय संस्थाले रु.५ करोड २३ लाख ४१ हजार सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको छ भने यस सम्बन्धमा अन्य जानकारी वित्तीय विवरणले प्रष्ट पारेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** यस वित्तीय संस्थाको स्वीकृत कार्य क्षेत्र मधेश प्रदेशका ८ जिल्ला (सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) मध्ये हालसम्म ८ जिल्लामा ४५ वटा शाखा कार्यालयहरु मार्फत जम्मा ४०,७१० ग्राहक सदस्यहरुलाई आम्दानीमूलक आर्थिक क्रियाकलापमा संलग्न गराई औपचारिक वित्तीय पहुँचको माध्यमबाट लघुवित्त वित्तीय सेवा प्रदान गर्दै आएको छ। संस्थाले मधेश प्रदेशमा वित्तीय पहुँच नपुगेका ग्रामिण क्षेत्रमा शाखा विस्तार गरी लघुउद्यम, कृषि, पशुपालन तथा व्यवसाय सञ्चालनको लागि बिशेष गरी विपन्न वर्गका महिलाहरुलाई केन्द्रित गरी आफ्ना कार्यक्रम मार्फत थप लघुवित्त सेवा तथा सुविधाको बिस्तार गर्ने लक्ष्य रहेको छ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** लघुवित्त संस्थाहरुमा देखिएको अस्वथ्य प्रतिस्पर्धा, कर्जाको दोहोरोपना, नियमनकारी निकायहरुबाट फेरबदल हुने नीति, बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने विपन्न वर्ग कर्जामा लिने ब्याजदरमा उतार चढाव, वित्तीय बजारमा देखिएको तरलता अभावको समस्यामा कमि हुदै गएता पनि बिभिन्न समुहको नाममा ग्राहक सदस्यलाई किस्ता नतिर्न भड्काउने, कर्मचारीलाई गाउँ प्रवेशमा रोक लगाउने, लघुवित्त क्षेत्रमा हुने उच्च सञ्चालन लागत तथा दिन प्रतिदिन कर्जा जोखिममा वृद्धि जस्ता आदि कारणले वित्तीय संस्थालाई असर पार्न सक्छ। तथापी अहिले सम्म वित्तीय संस्थाले गम्भिर समस्या बेहोर्नु परेको छैन।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

(क) वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको बिरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भै कारोबार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको बेभसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधीमा यस वित्तीय संस्थाको शेयरको कारोबार देहाय बमोजिम रहेको छ।

अधिकतम मूल्य	न्युनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या	कारोबार भएको शेयर संख्या
२६४८.७०	१९८०	२२७७	५५	६१२९	२,७४,२६४

५. समस्या तथा चूनौती :

देशको बर्तमान राजनैतिक अवस्था तथा अस्वथ्य प्रतिस्पर्धा, कर्जाको दोहोरोपना, नियमनकारी निकायहरुबाट फेरबदल हुने नीति, बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने विपन्न वर्ग कर्जामा लिने ब्याजदरमा उतार चढाव, बिभिन्न समुहको नाममा ग्राहक सदस्यलाई किस्ता नतिर्न भड्काउने, कर्मचारीलाई गाउँ प्रवेशमा रोक लगाउने,संस्थाहरुले ग्राहक सदस्यसंग लिने ब्याजदर १५ प्रतिशत सम्म सीमित राख्नु पर्ने प्रावधानले गर्दा स्प्रेड तथा ब्याज दरमा तोकिएको सिमाका कारण आर्जित मुनाफाबाट कार्यक्रम बिस्तार गर्न चुनौतीपूर्ण रहेको छ। यी तमाम समस्याका बाबजुद प्रभावकारी जनशक्ति व्यवस्थापन लागु गरि लगानीका क्षेत्रहरु पहिचान गरि खर्चमा मितव्यीता र उपयुक्त व्यवसायिक रणनीतिको तर्जुमा गरी कार्य सञ्चालन गर्दै आईरहेको छ।

६. संस्थागत सुशासन :

यस लघुवित्त वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी भएका संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदिको पुर्ण पालना गरेको छ। वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा बिनियमावली, आर्थिक प्रशासन बिनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, व्यवस्थापन सूचना प्रणाली नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ। त्यसैगरी लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण अनुगमन समिति पूर्ण रुपमा कार्यान्वयनमा ल्याईएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

भवदिय
सत्य देव राउत
प्रमुख कार्यकारी अधिकृत

रामकुमार महतो
वरि.ले.प. विभाग प्रमुख